# ईन्जिनियर करारमा लिने वारेको सुचना

प्रथम पटक प्रकाशित मिति : २०६५।११।०२

यस कम्पनीको मोवाइल सेवा विस्तार आयोजना कार्यका लागि निम्न संख्यामा ईन्जिनियरहरु (तह ७ प्रा.सरह) कम्पनीको कर्मचारी विनियमावली २०६१ को विनियम २०(२) वमोजिम खूल्ला प्रतिस्पर्धाद्वारा छनौट गरी करारमा नियूक्ति गर्नू पर्ने भएकोले निम्न लिखित योग्यता भएका ईच्छूक नेपाली नागरिकहरुले गो.प.मा प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस के.का. कर्मचारी प्रशासन शाखामा दरखास्त दिनू हून सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१ टेलिकम ईन्जिनियर (इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन)
आवश्यक संख्या : ८०
आवश्यक न्यूनतम शैक्षिक योग्यता :- मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रोनिक्स वा टेलिकम्यूनिकेशन्स वा इलेक्ट्रोनिक्स एण्ड टेलिकम्यूनिकेशन वा इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स वा रेडियो कम्यूनिकेशन वा इलेक्ट्रिकल एण्ड कम्यूनिकेशन्स वा सो सरहको बिषयहरुमा न्यूनतम ईन्जिनियरिङ्ग (Bsc. Engg., B.E., B.Tech) स्नातक उपाधी प्राप्त गरी नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएको हूनू पर्ने ।

२ सिभिल ईन्जिनियर आवश्यक संख्या :- ३
आवश्यक न्यूनतम शैक्षिक योग्यता :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग बिषयमा स्नातक उपाधी प्राप्त गरी नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएको हूनू पर्ने ।

३ टेलिकम ईन्जिनियर (इलेक्ट्रीकल)
आवश्यक संख्या : २
आवश्यक न्यूनतम शैक्षिक योग्यता :- मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रीकल वा इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स वा इलेक्ट्रिकल एण्ड टेलिकम्यूनिकेशन वा सो सरहको बिषयहरुमा न्यूनतम ईन्जिनियरिङ्ग (Bsc. Engg., B.E., B.Tech) स्नातकको उपाधी प्राप्त गरी नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएको हूनू पर्ने ।

४ आर्किटेक्ट ईन्जिनियर (सिभिल) आवश्यक संख्या :- १
आवश्यक न्यूनतम शैक्षिक योग्यता :- मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चर बिषयमा न्यूनतम B.E.Arch. वा सो सरहको बिषयमा स्नातक उपाधी प्राप्त गरी नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएको हूनू पर्ने ।

५ दस्तूर :- रु. ४००।-

६ उमेर :- २१ बर्ष पूरा भएको र ३५ बर्ष ननाघेको हूनू पर्नेछ ।

७ करार अवधि :- कम्पनीको कर्मचारी विनियमावलीको विनियम २०(२) अनूसार हूनेछ ।

८ सेवाशर्त तह ७ (प्रा) करार ईन्जिनियर हरुले पाउने सरह पारिश्रमिक, सेवाशर्त र सूविधा करार पत्रमा उल्लेख गरिनेछ ।

९ परीक्षाको किसिम :- लिखित तथा अन्तरवार्ता

१० बैदेशिक शैक्षिक प्रमाणपत्रको हकमा त्रि.वि.वि. बाट स्तर निर्धारण भएको प्रमाणपत्र संलग्न हूनू पर्नेछ ।

११ लिखित परिक्षाको मिति, समय तथा स्थान पछि प्रकाशित गरिनेछ ।

१२ दरखास्त फाराम : के.का. कर्मचारी प्रशासन शाखाबाट उपलव्ध हूनेछ ।

१३ कम्पनीले खटाएको पहाड, तराई लगायत जूनसूकै ठाउंमा पनि बसेर कार्य गर्नू पर्नेछ ।

नेपाल टेलिकम
केन्द्रीय कार्यालय
जनशक्ति व्यवस्थापन विभाग
भद्रकालीप्लाजा ।